पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/०८२
च.नं.-

मितिः २०८२/०२/१६
नेपाल संवत्: ११४५ तछलाथ्व ०४ शुक्रबार

## कर्मचारी तह वृद्धि सम्बन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तथा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट यस स्थानीय तहमा सिफारिस समायोजन/समायोजन संशोधन भएका यस कार्यालय र यस अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको **स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०** बमोजिम योग्यता पुगेको भए तपसिलमा उल्लेखित कागजात सहित तोकिएको समयसीमा भित्र तह वृद्धिका निम्ति रितपूर्वक यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिलः

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-४ को उपदफा-५ र दफा-८ को उपदफा-१३ (स्वतः बढुवा हुने प्रयोजनार्थः) साथै उपदफा-१६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्नेः
   - नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी,
   - नियुक्ति पत्र,
   - समायोजन/समायोजन संशोधन भएको पत्र वा संघीय/प्रदेश लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र ।
   - कार्यरत निकायबाट कुनै विभागीय सजाय नपाएको/निलम्बनको निर्णय नभएको भनी गरिएको सिफारिस पत्र।
   - शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि,
   - तह वृद्धिका लागि उम्मेदवारको सक्कल निवेदन

२. स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा-२७ को उपदफा-१ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्नेः

- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी,
- नियुक्ति/बढुवा/तहवृद्धिको पत्र,
- समायोजन/समायोजन संशोधनको पत्र वा संघीय लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र,
- कार्यरत निकायबाट कुनै विभागीय सजाय नपाएको/निलम्बनको निर्णय नभएको भनी गरिएको सिफारिस पत्र।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो ३ आर्थिक वर्षको मूल्यांकित अन्यत्र कार्यालयमा कार्यरत हुँदाको बखत पेश गरेको का.स.मू. फारम,
- तह वृद्धिका लागि उम्मेदवारको सक्कल निवेदन,

पुनश्चः

निवेदन पेश गर्न चाहाने कर्मचारीहरुले उल्लेखित ऐन र विशेष गरी यसको दफा-२,४,८,२७,३१, दफा-५६ को उपदफा-३ को स्पष्टीकरण खण्ड, दफा-५७ को उपदफा-१ को स्पष्टीकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्नहुन समेत सूचित गरिन्छ ।

२०८२।०८।१६

संगम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत